# कोहलपुर राजपत्र

**खण्ड ३) कोहलपुर, मंसिर १२ गते २०७६ साल, संख्या-०४**


## भाग-२

## कोहलपुर नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा (२)को उपदफा (१) बमोजिम कोहलपुर नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७६ सालको कार्यविधी नं. ०४

# साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि—२०७६

**प्रस्तावना :** आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवरस्तरमा सुधार गरी गरीवी निवारण गर्ने उद्देश्यले र सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र नगरपालिकाबीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न बाञ्छनीय देखिएकोले कोहलपुर नगरकार्यपालिकाले **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२** ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ र २६ लाई कार्यन्वयन गर्न यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद :-१

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७६"** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्छ ।

(ग) " कार्यपालिका " भन्नाले कोहलपुर नगरकार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) " प्रमुख " भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) " उपप्रमुख" भन्नाले नगरपालिकाकोे उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) " विषयगत समिति " भन्नाले स्थानीय सरकार संचालन ऐन—२०७४ र नगर कार्यसम्पादन निमावलीमा उल्लेखित समितिलाई सम्झनु पर्छ ।

(छ) " साझेदारी " भन्नाले स्थानीय तह, गैह्रसरकारी संघसंस्था, सामुदायिक संघसंस्था, कम्मपनी, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन तथा मुल्याङ्कन समिति " भन्नाले कोहलपुर नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन समिति वा सो कार्य गर्नका लागि तोकिएको समितिलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "वडा समिति " भन्नाले कोहलपुर नगरपालिकाको वडा समितिलाई सम्झनु पर्छ ।

(ट) "कार्यविधि" भन्नाले **"साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि—२०७६"** लाई सम्झनु पर्दछ ।

(ठ) " गैह्रसरकारी संस्था " भन्नाले प्रचलित कानुन बमोजिम गठन गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद :-२

## साझेदारी कार्यक्रमका क्षेत्र

४. साझेदारी कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन् :-

(क) शिक्षा
(ख) स्वास्थ्य
(ग) कृषि
(घ) पशु विकास
(ङ) भौतिक पुर्वाधार
(च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन
(छ) खानेपानी तथा सरसफाई
(ज) रोजगारी तथा स्वरोजगार सृजना
(झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना
(ञ) वन तथा वातावरण संरक्षण
ट) संस्थागत विकास तथा सुशासन
(ठ) सहकारी संस्थाहरुको सवलीकरण
(ड) स्थानीय उत्पादनको बजारीकरण
(ण) संघ, प्रदेश

## परिच्छेद :-३

## कार्यक्रमको संचालन

**५. कार्यक्रम छनौट** : (क) साझेदारी कार्यक्रमको लागि टोल र वस्ती स्तरबाट कार्यक्रम वा योजनाको छनौट गरी नगरसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि संचालन गर्न सकिनेछ ।

ग) साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था,फर्म, सहकारी, कम्पनीलाई लक्षित गरी **अनुसूची-१** बमोजिमको ढाँचामा ३० दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

घ) प्रस्तावकहरुले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित **अनुसूची-३** बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

ङ) साझेदारी गर्न चाहने स्थानीय तह, संघ, प्रदेश, गैरसरकारी संघ संस्था, सामुदायिक संघसंस्था, सहकारी, निजी क्षेत्र र उपभोक्ता समितिले कम्तीमा ३०प्रतिशत साझेदारी गर्नु पर्नेछ ।

च) साझेदारी कार्यक्रम नगरसभाको निर्णय बमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय गाउँसभाले गर्नेछ ।

छ) साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

ज) साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम गर्नु पर्नेछ ।

**६. छनौटको मापदण्ड :** कार्यक्रमको प्रस्तावना छनौटका मापदण्ड देहायबमोजिम हुनेछन् :-

क) साझेदारी कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषदमा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा), नीति-नियम को प्रतिलिपि प्रस्तावना साथ पेश गरेको हुनु पर्नेछ ।तर यस प्रावधानले स्थानीय तहहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पर्याएको मानिने छैन ।

ख) सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ ।

ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको हुनु पर्नेछ ।

घ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य र लजिकल फ्रेमवर्कमा (Project Logical Frame work) लक्ष्य, उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप र जनशक्ति सहितको प्रस्तावना पेश गरेको हुनु पर्नेछ ।

ङ) प्रस्तावना मूल्याङ्कनका अन्य आधारहरु **अनुसूची**-४ अनुसार हुनेछ

## परिच्छेद-४

## कार्यक्रम व्यवस्थापन

७. साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

१) नगर प्रमुख - संयोजक

२) उपप्रमुख - सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४) कार्यक्रम संचालनमा रहेका वडा अध्यक्षहरु -सदस्य

५) आर्थिक विकास समितिका संयोजक - सदस्य

६) सामाजिक विकास समितिका संयोजक - सदस्य

७) लेखा अधिकृत - सदस्य

८) नगर कृषि शाखा प्रमुख - सदस्य

९) नगर पशु सेवा शाखा प्रमुख - सदस्य

१०) साझेदार संस्थाको प्रतिनिधि २ जना - सदस्य

११) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

८. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

९. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछः-

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) लेखा अधिकृत - सदस्य

ग) योजना शाखाको प्रमुख - सदस्य

घ) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

नोट : आर्थिक विकास समिति संयोजकलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

**१०. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकार** : प्रस्तावना छनौट समितिले नगरपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–५

## कार्यक्रमको सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन

**११.सम्झौता :** साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा नगर कार्यपालिकाको स्वीकृति बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

**१२. भुक्तानी**: साझेदारी कार्यक्रमको भुक्तानी देहाय बमोजिम हुनेछ :-

क. सम्झौता भए पश्चात् जम्मा वार्षिक वजेटलाई चौमासिक रुपमा ३ किस्तामा विभाजन गरी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप जम्मा गर्नु पर्नेछ ।

ख) कुनै आ.व.मा कार्यक्रम अवधि ३ चौमासिक भन्दा कम भएमा कार्यक्रम हुने चौमासिकको आधारमा २ किस्तामा वा एकमुष्ठ प्रदान गर्न सकिनेछ ।

ग) दफा १२.क) बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भए पछि प्रगति प्रतिवेदन, बिल, भरपाईका तथा खर्च पुष्टाई गर्ने अन्य संलग्न कागजातका आधारमा फर्छयौट गरी आगामी चौमासिकको कार्ययोजनाका साथ कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराउँदै जानु पर्नेछ ।

**१३. प्रतिवेदन :** साझेदारी कार्यक्रमको प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछ :-

क) साझेदारी कार्यक्रमको प्रगति तथा वित्तिय प्रतिवेदन **अनुसूची -६** बमोजिमको ढाँचामा पेश गर्नुपर्ने छ ।
ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१४. अनुगमन तथा मूल्याङ्कन :** साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम हुनेछ :-
क) कार्यक्रम अनुगमन तथा समन्वय समितिले **दफा ८ (ख)** बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने छ ।
ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनु अघि नगरपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

**१५. लेखापरीक्षण :** साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम सम्बन्धित निकायले गर्नुपर्नेछ ।

**१६. समन्वय :** साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

**१७. खर्चमा बन्देज :** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नुपर्ने छ।एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा नगरपालिकाको पुर्व स्वीकृती लिएर मात्र गर्नुपर्ने छ ।

**१८. कसुर र सजाय :** क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।
ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

**१९. पारदर्शिता :** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्ने छ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्याङ्कन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

**२०. उत्तरदायित्व :** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

**२१. संशोधन तथा हेरफेर :** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**२२. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने** : नगर कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. प्रचलित कानुन लागु हुने :** साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**अनुसूची १**

**(दफा ५ को खण्ड (ग) सँग सम्बन्धित)**

**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**

**५नं.प्रदेश,नेपाल ।**

**साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था, सहकारी, कम्पनी, नीजि क्षेत्रका लागि प्रस्तावना आह्वानको ढाँचा**

**सूचना प्रकाशित मिति : ...........**

कोहलपुर नगरपालिकाको कृषि तथा तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी नगरपालिका क्षेत्रमा रोजगारमुलक, उद्यमशिल र मार्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले **"साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि—२०७६"** कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७६/०७७ देखि शुरु गरी बहुवर्षिय रुपमा कोहलपुर नगरपालिका क्षेत्रमा **कृषि तथा पशु विकासमा आधारित परियोजना** सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) नगरपालिकाको वेवसाइट www.kohalpurmun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन ।

.....................................

प्रमुख प्रशासकिय अधिकृत

**अनुसूची २**

**(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)**

**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**

**५नं.प्रदेश,नेपाल ।**

**साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था, सहकारी, कम्पनी, नीजि क्षेत्रका लागि आवेदन पत्रको ढाँचा**

मिति : ..........................

श्री ...................... ज्यू ,

................ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

...................., नेपाल ।

**विषय : प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा .................नगरपालिका.............................................को स्वीकृत कार्यक्रम अनुसार .......................................उद्देश्यका लागि "........................................................साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस ....................................... संस्थाले प्राविधिक तथा आर्थिक प्रस्तावनाना पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**संलग्न कागजातहरु :**

क. प्राविधिक तथा आर्थिक प्रस्तावनाना

ख. सम्बन्धित संस्थाको कागजातहरु

१. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२. आ.व. ............ को लेखा परिक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरिक्षण प्रतिवेदन १-१ प्रति

३. स्थायी लेखा नम्बर तथा आ.व........... को कर चुक्ताको प्रमाण पत्र १-१ प्रति

४. संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, पाश्र्वचित्र र अनुभव पत्रहरु १-१ प्रति

५. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात ।

६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति

७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

## अनुसूची -३

**(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)**

**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**

**५नं.प्रदेश,नेपाल ।**

## साझेदारी कार्यक्रम संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था, सहकारी, कम्पनी, नीजि क्षेत्रका लागि प्रस्तावनाको ढाँचा

**भाग १ : प्राविधिक प्रस्तावना**

१. परियोजना/ कार्यक्रमको नाम :

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य) :

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार :

४. परियोजना÷कार्यक्रमको लक्ष्य र उद्देश्य :

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन) :

६. परियोजना/कार्यक्रमको कार्यान्वयन विधि :

७. परियोजना/कार्यक्रमका क्रियाकलापहरु :

८. परियोजना/कार्यक्रमको व्यवस्थापन :

क. व्यवस्थापन संरचना :

ख. संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने) :

ग. प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षरसहित अनुसूचीमा राख्ने) :

घ. परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र :

ङ. मानवीय संशाधन परिचालन :

च. परियोजना/कार्यक्रमको समयावधी :

९. प्रतिवेदन :

१०. अनुगमन तथा मूल्याङ्कन :

११. परियोजना/कार्यक्रमको पारदर्शिता :

१२. परियोजना/ कार्यक्रमको दिगोपना :

१३. परियोजना/कार्यक्रमको हस्तान्तरण :

१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

**भाग २. आर्थिक प्रस्तावनाना**

क. परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)

ख. कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)

ग. अन्य

**अनुसूची-४**

**(दफा ६ को खण्ड (ङ) सँग सम्बन्धित)**

**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**

**५नं.प्रदेश,नेपाल ।**

**साझेदारी कार्यक्रम संञ्चालन गर्ने इच्छुक गैरसरकारी संघ संस्था, सहकारी, कम्पनी, नीजि क्षेत्रका प्रस्तावना छनौटका आधारहरु**

**१.संस्थागत क्षमता : अंक भार -१५**

- संस्थाको सम्बन्धित विषयगत क्षेत्रमा अनुभव
- कम्तिमा ३ वर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको विभिन्न निकाय सँग सझेदारी कार्यमा अनुभव

**२. प्राविधिक प्रस्तावना : अंक भार -६५**

- संयुक्त उपक्रममा प्रस्तावनाना पेश गर्ने प्रमुख र साझेदार संस्था बीचको सहमती पत्र
- सम्बन्धित विषयगत क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रस्तावित परियोजना कार्यान्वयन विधी र व्यवस्थापन
- परियोजनाको निरन्तरता र दिगोपना

**३.वित्तिय प्रस्तावना : अंक भार -२०**

- कम्तिमा २५ प्रतिशत नगद लगानीको प्रतिवद्धता
- संस्थाको विगत २ वर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता

**अनुसूची - ५**
**(दफा ११ सँग सम्बन्धित)**
**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**
**५नं. प्रदेश, नेपाल ।**

**साझेदारी कार्यक्रम सम्झौताको ढाँचा**

**"साझेदारी कार्यक्रम" संचालनका लागि कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके र .............................. संस्था विचको सम्झौता पत्र**

**१. परिचय :**

**२. कार्यक्रमको नाम :**

**३. सम्झौता अवधि :**

**४. कार्यक्षेत्र :**

**५. प्रथम पक्षको जिम्मेवारी :**

**६. दोस्रो पक्षको जिम्मेवारी :**

**७. बजेट र वित्तीय कार्यविधि :**

**७.१ परियोजनाको कुल बजेटः**

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमा :

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासा :

७.२.१ बैक खाता सम्बन्धमा :

७.२.२ पेश्की सम्बन्धमा :

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमा :

७.२.४ अग्रीम कर सम्बन्धमा :

७.२.५ विल भरपाई सम्बन्धमा :

७.२.६ विल जारी सम्बन्धमा :

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमा :

७.२.८ पेश्की तालिका विवरण :

७.२.९ स्थानीय साझेदार सम्बन्धमा :

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमा :

**८. लेखा परीक्षण तथा प्रतिवेदन :**

**९. अनुगमन तथा मूल्यांकन :**

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले

९.२ नगरपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले

**१०. सम्झौताको खारेजी सम्बन्धि व्यवस्था :**

**११. परियोजना/कार्यक्रम हस्तान्तरण :**

**१२. विविध :**

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ........................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

| **प्रथम पक्षको तर्फबाट :** | **दोस्रो पक्षको तर्फबाट :** |
|---|---|
| नाम .............................. | नाम .............................. |
| **साक्षीहरु :**<br>नाम ..............................<br>पद ................................ | **साक्षीहरु :**<br>नाम ..............................<br>पद ................................ |
| **साक्षीहरु :**<br>नाम ..............................<br>पद ................................ | **साक्षीहरु :**<br>नाम ..............................<br>पद ................................ |

**अनुसूची -६**

**(दफा १३ को खण्ड (क) सँग सम्बन्धित)**

**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके**

**५नं. प्रदेश, नेपाल ।**

**१.साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी :
- कार्यक्रमको लक्ष्य र उद्देश्य :
- कार्यक्षेत्र :
- लाभान्वीत परिवार वा जनसंख्या (लैंगिक तथा सामाजिक समावेशीकरण सहितको) :
- कार्यान्वयन प्रक्रिया :
- सम्पन्न क्रियाकलापहरु :
- उपलब्धी (भौतिक तथा वित्तीय) :
- सुधारात्मक पक्ष र सिकाई :
- समस्या तथा सवालहरु :
- आगामी गतिविधि वा कार्ययोजना (संक्षिप्त कार्ययोजना सहित) :
- निष्कर्ष :
- कार्यक्रमसँग सम्बन्धित फोटो, पत्रपत्रिकामा समाचार प्रकाशन भएको भए सो को प्रति लगायत अन्य कागजातहरु

**२.साझेदारी कार्यक्रमको वित्तीय प्रगति प्रतिवेदनको ढाँचा**

| **क्र.स.** | **क्रियाकलापहरु** | **स्वीकृत बजेट** | | | | **वास्तविक खर्च रकम** | | | | **बाँकि रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | प्रथम चौमासिक | जम्मा रकम | प्रथम चौमासिक | दोस्रो चौमासिक | प्रथम चौमासिक | जम्मा रकम | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटः खर्च भएको रकमको बिल, भर्पाई तथा खर्चलाई पुष्टि गर्ने सम्पुर्ण कागजातहरुको सक्कल नगरपालिकामा पेश गर्नु पर्नेछ ।

आज्ञाले

प्रमाणिकरण मिति : २०७६/०६/३०

बिरेन्द्रदेव भारती

प्रमुख प्रशासकीय अधिकृत